मिति २०७६/०९/२७ वैठक संख्याः ४४

आज मिति २०७६/०९/२७ गतेका दिन बिहान ८:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | **नामथर** | **पद** |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः** श्री उमानाथ कोइराला

श्री गोविन्द प्रसाद पौडेल

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या ४४

मिति: २०७६।०९।२७

प्रस्तावहरु

१) समीक्षा, ................

२) विस्तृत परियोजना प्रतिवेदन (DPR) स्विकृत सम्बन्धमा

३) गिटी उत्खनन् स्विकृति सम्बन्धमा

४) देवघाट १, स्वास्थ्यचौकी जाने वाटो र स्वास्थ्यचौकी भवन माथी ट्रस निर्माणमा थप सहयोग माग सम्बन्धमा

५) नीति कार्यक्रम तथा बजेट संशोधन सम्बन्धमा

६) देवघाट गाउँपालिकाको ५ वर्षीय एकिकृत पर्यटन विकास तथा व्यवस्थापन योजना आ.व. २०७६/०७७ – २०८० ०८१ स्विकृत सम्बन्धमा

७) देवघाट परोपकार समिति गठन र अक्षय कोष स्थापना गर्ने सम्बन्धमा

८) बाल नीति, कार्यविधि तर्जुमा (वाल संरक्षण समिति समेत गठन )सम्बन्धमा

९) देवघाट धर्मार्थ अस्पतालको कार्यालय सहयोगी लक्ष्मीदेवी ढकाललाई प्रोत्साहन रकम दिई सेवावाट विदाई गर्ने सम्बन्धमा

१०) शिक्षक करार पदपुर्ति अनुमति दिने सम्बन्धमा

११) समपुरक अननुदान माग गर्ने सम्बन्धमा

निर्णयहरु

१) वडा कार्यालयका विकास निर्माण काम तथा वडामा खटिएका कर्मचारीको कामको अनुगमन लगायतका विषयमा समीक्षा गरियो ।

२) तपसिल अनुसारका विस्तृत परियोजना प्रतिवेदन (DPR) स्विकृत गरियो । साथै विस्तृत परियोजना प्रतिवेदन (DPR) भएका योजनाहरु सम्पन्न गर्नको लागी गाउँपालिकाको श्रोतले मात्र सम्भव नहुने हुँदा प्रदेश सरकार, संघीय सरकार (राष्ट्रिय योजना आयोग तथा सम्बन्धित मन्त्रालयमा) सहयोगको लागी अनुरोध गर्ने निर्णय गरियो ।

१) वडा नं. ५ , कयुदीमा गाउँपालिकाको भवन निर्माण

२) वडा नं. १, कोटा कृषि तथा पशु फर्म निर्माण

३) वडा नं. १, कोटामा गाउँपालिका रंगशाला निर्माण

४) वडा नं. १ र २ ,घण्टाचुली पर्यटनन क्षेत्र विकास एवं भ्यू टावर निर्माण

५) वडा नं. ४, कर्तापा जनजाति संग्रहालय

६) वडा नं. १,३,४,५ जोड्ने साउने फ्रोस्रेपानी कर्तापा मोटर मार्ग

७) वडा नं. ४, सिंच्याङ सार्वाङ साराङघाट मोटर मार्ग

८) वडा नं. ५, देउपुर पार्क तथा खेलमैदान

९) ५ नं वडाको समग्र मास्टर प्लान

१०) वडा नं. ४,५ गाईघाट वगन्दी फोस्रेपानी मोटर मार्ग

११) वडा नं. ५, भर्जनखोला खेल मैदान

१२) वडा नं. ५, मधु कवर्ड हल

विस्तृत परियोजना प्रतिवेदन (DPR ) मा उल्लेखित काम उपलब्ध श्रोत साधन अनुसार क्रमश: बहुबर्षीय योजनाको रुपमा संचालन गर्दै लगिनेछ । मोटर मार्ग निर्माणको काममा ट्र्याक खोल्ने काम पहिलो चरणमा सम्पन्न भए पछि दोस्रो चरणमा विस्तार, सुधार तथा स्तरन्नोतिको काम हुनेछ । साथै वडा नं. ५ स्थित स्युदीमा रहेको लालपूर्जा नभएको कसैको स्वामित्वमा नरहेको सार्वजनिक जग्गामा गाउँपालिकाको कार्यालय भवन निर्माण गर्नको लागी प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

३) वडा नं. २ खरखरेमा सुरपति सामुदायिक वन क्षेत्रमा पर्ने शालिग्राम करिडोरमा गिटी उत्खनन् गर्न दिने र प्राप्त भएको राजश्व रकमको सुरपति सामुदायिक वनले पचास प्रतिशत गाउँपालिकामा दाखिला गर्ने निर्णय गरियो ।

४) देवघाट १, स्वास्थ्यचौकी जाने वाटो र स्वास्थ्यचौकी भवन माथी ट्रस निर्माण गर्नको लागी हाल भवन निर्माण गरिरहेको निकायलाई थप सहयोग माग गर्ने निर्णय गरियो ।

५) आ.व. २०७६।७७ को लागी स्विकृत भएका नीति कार्यक्रम तथा वजेटमा कार्यालयवाट पेश भए अनुसार संशोधन पस्ताव उपाध्यक्ष मार्फत सभामा पेश गर्ने निर्णय गरियो ।

६) देवघाट गाउँपालिकाको एकिकृत पर्यटन विकास तथा व्यवस्थापन योजना आ.व. २०७६/०७७–२०८०/०८१ स्विकृत गरियो ।

७) प्रत्येक वडावाट प्रतिनिधित्व हुने गरी देवघाट परोपकार समिति गठन गरी अक्षय कोष स्थापना गर्ने निर्णय गरियो ।

८) महिला, वाल बालिका, अपाङ्ग तथा जेष्ठ नागरिक नीति तर्जुमा (वाल संरक्षण समिति गठन समेत हुने गरी ) गर्ने निर्णय गरियो ।

९) देवघाट धर्मार्थ अस्पतालको कार्यालय सहयोगी लक्ष्मीदेवी ढकाललाई प्रोत्साहन रकम रु. १०००००। ( एक लाख ) नगद प्रोत्सान स्वरुप दिई सेवावाट विदाई गर्ने निर्णय गरियो ।

१०) विद्यालयमा शिक्षक अभाव भई अध्यापनमा समस्या पर्ने भएकोले अर्को व्यवस्था नभए सम्मको लागी रिक्त स्थानमा करार पदपुर्ति अनुमति दिने सम्बन्धमा ।

११) राष्ट्रिय योजनना आयोगवाट समपुरक अनुदान बाँडफाँड गर्न प्रस्ताव आव्हान भएकोमा गाउँपालिकाको उच्च प्राथमिकतामा रहेका तर गाउँपालिकाको श्रोतको अभावले गर्दा प्रदेश र संघीय सरकारको समपुरक अनुदान

रमेश सुवेदी

समेतबाट मात्र निर्माण सम्पन्न गर्न सकिने तपसिल अनुसारका आयोजनामा समपुरक अनुदान माग गर्ने निर्णय गरियो ।

| प्राथमिकता क्रम नं. | आयोजनाको नाम | ५० प्रतिशत सह लगानी व्यहोर्ने श्रोत |
|---|---|---|
| १ | साउने फोक्सेपानी कर्ताप मोटर मार्ग – वडा नं. १,३,४,५ लाई जोड्न | देवघाट गाउँपालिका र प्रदेश सरकार |
| २ | सिङ्च्याङ सर्वाङ मोटरमार्ग – वडा नं. ४ | देवघाट गाउँपालिका र प्रदेश सरकार |
| ३ | देवघाट पुलको मुख देखी वेणीसम्म जाने नदी पर्यटकीय मार्ग समेत बन्ने गरी तटवन्ध | देवघाट गाउँपालिका र प्रदेश सरकार |

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष